# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।११ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला नुवाकोट, म्यागङ गाउँपालिकाका सूचना प्रविधि अधिकृत बिरेन्द्र तामाङले भुक्तानी रकमको कमिसनमा बार्गेनिङ गर्दै पटक-पटक दुःख हैरानी दिई घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिएको टोलीले निज बिरेन्द्र तामाङलाई सेवाग्राहीबाट घुस/रिसवत रू.१,००,०००/– (एक लाख रुपैयाँ) लिइसकेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला नुवाकोट, म्यागङ गाउँपालिकाका सूचना प्रविधि अधिकृत बिरेन्द्र तामाङले आफ्नो पद तथा ओहदा एवं सो सम्बन्धी जिम्मेवारी बहन गर्ने क्रममा आ.व.२०८२/८३ को म्यागङ गाउँपालिका, नुवाकोट अन्तर्गत सोलार स्ट्रिट लाईट खरिद तथा जडान गर्ने कार्यमा सहजीकरण गरे गराए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरी रु.१,००,०००/- (एक लाख रुपैयाँ) लिएको निज बिरेन्द्र तामाङको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसुर भएको हुँदा निजलाई बिगो रु.१,००,०००/- (एक लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने